# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– २, पूर्णाङ्क– १५, पुस २०६१, (Dec., 2004) काठमाडौं


# विश्वका करोडौं बालबालिका द्वन्द्व र भोकमरीबाट पीडित

काठमाडौं । विश्वले बाल्यकाललाई संरक्षण गर्ने सिद्धान्तलाई स्वीकार गर्दागर्दै पनि युनिसेफको एउटा नयाँ प्रतिवेदनले विश्वका आधाभन्दा बढी बालबालिका गरीवी, युद्ध र एचआइभी/एड्सको चरम मारमा परेको तथ्य सार्वजनिक गरेको छ । प्रतिवेदनले उनीहरूको बाल्यकाललाई पूर्णरुपमा उपेक्षा गरिएको कारण देशको विकासलाई पछाडि धकेलेको देखाएको छ ।

झण्डै एक अर्ब भन्दा बढी बालबालिका सन् १९८९ को बाल अधिकारसम्बन्धी महासन्धिले बाचा गरे अनुसारको स्वास्थ्य र संरक्षित बाल्यकालबाट उपेक्षित छन् । उक्त महासन्धि विश्वमै सबैभन्दा बढी मुलुकले अनुमोदन गरेको महासन्धि हो ।

“अहिले आधा विश्वका बालबालिका भोकमरी र अस्वस्थ वातावरणमा हुर्किरहेका छन् । विद्यालयहरू निसाना बनाइएका छन् । सबै गाउँहरू एड्सका कारण रित्तिइरहेका छन् । हामी बाल्यावस्थासम्बन्धी वाचा पूरा गर्न असफल भएका छौं ।” -विश्वका बालबालिकाको स्थिति सम्बन्धी १० औं वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै युनिसेफका कार्यकारी निर्देशक क्यारोल बेलामीले भन्नुभएको छ ।

सन् १९९० देखियता द्वन्द्वमा मारिएका करिब ३६ लाख मानिसमध्ये आधा बालबालिका रहेको कुरा त्यस्ता प्रतिवेदनले देखाएको छ । तर, बालबालिकालाई तारो बनाउने क्रम अझै रोकिएको छैन । सन् २००४ को सेप्टेम्बर महिनामा रुसी गणराज्यको बेसलानमा विद्यालयका बालबालिका माथि भएको आक्रमणलाई पनि एउटा उदाहरणका रुपमा लिन सकिन्छ ।

अहिले पनि हजारौंको संख्यामा बालबालिकालाई भर्ती गरेर वा अपहरण गरेर सैन्यमा सामेल गराइएको छ । त्यस्तै यौन, हिंसा र बारुदी सुरुङका कारण करोडौं बालबालिका पीडित भएका छन् । द्वन्द्व र युद्धका घटना देख्न बाध्य भएका छन् र द्वन्द्वका कारण टुहुरा हुने क्रम कायमै रहेको छ । एउटा पाँच वर्ष लामो युद्धमा पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर १३ प्रतिशतले बृद्धि हुने गरेको प्रतिवेदनले जनाएको छ । प्रतिवेदनले द्वन्द्वले विद्यमान गरिवीलाई झन् बढाएको उल्लेख गर्दै सन्तुलित विकासमा रुपान्तरणका लागि द्वन्द्व पछिको अवस्थाप्रति विश्वको व्यापक ध्यानाकर्षण र लगानी हुनुपर्ने कुरामा जोड दिएको छ ।

विश्वका बालबालिकाको स्थितिसम्बन्धी प्रतिवेदनले एउटा आदर्श वाल्यावस्था र आधा विश्वका बालबालिकाले अनुभव गरेका वास्तविकताबीचका खाडल पुर्नुपर्ने आवश्यकता औंल्याएको छ । यसका लागि सामाजिक तथा आर्थिक विकासलाई मानव अधिकारमा आधारित गर्नुपर्ने र अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकासम्म पुग्नका लागि विशेष जोड दिनुपर्ने हुन्छ । त्यस्तै बालबालिकालाई विशेष रुपमा ध्यान दिने खालका सामाजिक रुपमा जिम्मेवार नीतिहरूको अवलम्बन गर्ने र बालबालिकाका लागि गरिने लगानीमा सरकार वा दाताहरूले राष्ट्रिय बजेटको अनुगमन तथा विश्लेषण गरी त्यसले बालबालिकामा पार्ने असरलाई समेत विचार गरी लगानी वृद्धि गर्ने कार्य गर्नुपर्छ-प्रतिवेदनले भनेको छ ।

**खतराको आँकडा**

- ⇨ ६४ करोड बालबालिकाका लागि पर्याप्त बासस्थान छैन ।
- ⇨ ५० करोड बालबालिका सरसफाईको पहुँचभन्दा बाहिर छन् ।
- ⇨ ४० करोड बालबालिका सफा पानीको पहुँचबाट बाहिर छन् ।
- ⇨ ३० करोड बालबालिका सूचना (टेलिभिजन, रेडियो, अखबारहरू)को पहुँचबाट बाहिर छन्,
- ⇨ २७ करोड बालबालिका स्वास्थ्य सेवाको पहुँचबाट बाहिर छन् ।
- ⇨ १४ करोड बालबालिका (बहुसंख्यक बालिका) कहिले पनि विद्यालय जान पाएका छैनन् ।
- ⇨ ९ करोड बालबालिका खाद्य अभावबाट प्रभावित छन् ।
- ⇨ ७० करोड बालबालिका यी दुई वा बढी समस्याबाट पीडित छन् ।

**यूनिसेफको वार्षिक प्रतिवेदन**

# सिर्जनशील काममा जुटे सल्यानटारका बालबालिका

सल्यानटार (धादिङ्ग) । धादिङ्ग जिल्ला सल्यानटार गाविस, वडा नं. ९ भित्रका सबै विद्यालयमा पढ्ने बालबालिकाहरू एकजुट भई बाल क्लब खोल्ने योजना बनाए । तर, त्यसको बारेमा जानकारी नभएपछि उनीहरू भौंतारिरहेका थिए । तर, गत असोजको विजयादशमीको अवसरमा उनीहरूले राम्चे चौतारोका नामलाई आधार मानेर राम्चे चौतारी बाल क्लब गठन गरे ।

यी क्लबका बालबालिकाहरूले गाउँमा पहिले एउटा भित्ते पत्रिका प्रकाशन गर्ने विचार गरे । त्यसको लागि उनीहरूले स्थानीय गाउँका पत्रकारिता क्षेत्रमा सम्बद्ध अग्रजहरूसँग सल्लाह गरेपछि उनीहरूले प्रकाशन गर्ने सामग्री तयारी पारे ।

बाल क्लबका अध्यक्ष एवं भित्ते पत्रिकाका सम्पादक रविन श्रेष्ठ ‘विश्वास’ आफ्नो पढाईको अध्ययनका साथै घरको काम गर्छन् । बाँकी रहेको समयमा पत्रिका प्रकाशन र क्लबको लागि आर्थिक संकलन गर्ने काममा साथीभाइबीच छलफल गरेर उनी योजना बनाउँछन् ।

उनीहरूले पहिलो नमूना अंकको लागि काठमाडौंबाट अग्रज पत्रकारहरूले पठाएका सामग्रीहरूलाई मिलाएर भित्ते पत्रिकामा टाँसे । उनीहरूले आफूहरूलाई भित्ते पत्रिका प्रकाशनसम्बन्धी तालिम दिएमा नियमित रुपमा पत्रिका निकाल्छौं भनेपछि अग्रजहरूले तालिमको व्यवस्था गरे । २० जना बालबालिकाहरूले चार दिने भित्ते पत्रिका तालिम लिएपछि क्लबका पदाधिकारीहरूले पहिलो हस्तलिखित पत्रिका विजयादशमीको टीकाको दिन प्रकाशित गरे ।

भित्ते पत्रिकामा उनीहरूले बाल कविता, मुक्तक मात्र राखेनन् समाचारमूलक सामग्रीहरूलाई पनि



समावेश गरी विविधता दिए । उनीहरूले प्रत्येक महिनाको दुईपटक पाक्षिक रुपमा पत्रिका प्रकाशन गर्ने प्रतिबद्धता अनुसार काम गर्ने तयारी गरे ।

काठमाडौंबाट शिक्षा पत्रकार समूहले प्रकाशित गर्ने भित्ते पत्रिका *जूनकिरी* र वातावरण पत्रकार समूहले प्रकाशित गर्ने वातावरण भित्ते पत्रिकाहरूको अध्ययन पनि गरे ।

क्लबका बालबालिकाहरूले गरेको काम देखेर त्यस गाउँका शिक्षितहरूले प्रोत्साहन मात्र दिएनन्, केही आर्थिक सहयोग पनि गरे । बालबालिकाहरूले पुस्तकालय सञ्चालन गर्न चाहन्छौं भनेपछि गाउँकै समाजसेवी तपनारायण श्रेष्ठले मूल बाटोमा पर्ने आफ्नो घरको कोठा पुस्तकालय र क्लबको लागि दिने घोषणा गरेपछि क्लबका पदाधिकारीहरू पुस्तकालय स्थापना गर्न हौसिए ।

उनीहरूले प्रत्येक दिन कार्यालयमा अनिवार्य उपस्थित भई पुस्तक, पत्रपत्रिका पढ्ने र भित्ते पत्रिकामा प्रकाशित सामग्रीको बारेमा प्राप्त प्रतिक्रियाको बारेमा छलफल गर्ने गर्दछन् ।

बाल क्लब, भित्ते पत्रिका र पुस्तकालय स्थापनाको लागि आर्थिक जोहो गर्न उनीहरूले तिहारको अवसरमा द्यौसीभैलोको आयोजना गरी २० हजार नगद संकलन गरे । अब उनीहरू आगामी वैशाख महिनाभित्रै पुस्तकालय स्थापना गर्ने र गाउँमा पढ्ने बानीको विकास गर्ने अभियानमा एकजुट भएर लागिपरेका छन् ।

बाल क्लबले गाउँमा जुवातास खेल्न नपाउने र सरसफाई अभियानमा पनि कसरी काम गर्ने भनी साथीहरू बीचमा आपसी छलफल गर्ने गरेको क्लबका अध्यक्ष रविन बताउँछन् ।

बालबालिकाको उत्साह र समाजमा चेतनामूलक काम गर्न सुरु गरेको देख्दा गाउँका अशिक्षित समुदाय पनि पत्रिकामा लेखेको कुरा पढ्न सक्नेलाई सुनाउनको निम्ति अनुरोध गर्ने गरेका छन् । शिक्षितहरूले आर्थिक र आफ्नो आयस्रोत अनुसार सम्पूर्ण गाउँका बासिन्दाहरूले सहयोग गरी आफ्ना छोरा, नातिनातिनाको लागि उपयोगी हुने राम्चे चौतारी पुस्तकालय स्थापनाको लागि सिङ्गो सिकटारका गाउँलेहरूले प्रतिबद्धता जनाएका छन् ।

● भरत शर्मा

**के तपाईंको गाउँघरका छोरीहरु नियमित विद्यालय गइरहेका छन् ?**

# सरकारी विद्यालयको प्रतिष्ठा बढाइन् सविनाले

काठमाडौं । सामान्यतः सरकारी स्कुल भनेपछि गरिबहरूले पढ्ने विद्यालय भनेर नाक खुम्च्याउनेहरूलाई निजी स्कुलमा पढ्दैमा मात्र राम्रो गर्न सकिन्छ भन्ने भ्रमको पर्दा च्यात्न चोटिलो उदाहरण बनेकी छिन् सविना भट्ट ।



गुणस्तरीय शिक्षाको नामले कहलिएका काठमाडौंका कुनै निजी बोर्डिङ स्कुलका विद्यार्थीको भन्दा कम छैन उनको गुणस्तर । टेकूस्थित श्री सरस्वती सेवा निमाविमा कक्षा ५ मा अध्ययनरत छात्रा सविना कक्षा ४ बाट ८७ प्रतिशत ल्याई प्रथम भइन् । उनले सबैभन्दा थोरै अंक ल्याएको अंग्रेजीमा नै ७७ नम्बर ल्याएकी छन् भने सबैभन्दा बढी विज्ञानमा ९६ । नर्सरीदेखि यही स्कुलमा पढ्दै आएकी सविना अहिलेसम्म कक्षामा सधैं प्रथम हुँदै आएको विद्यालयका प्रधानाध्यापक शुभद्रादेवी प्रधान बताउनुहुन्छ ।

काठमाडौं महानगरपालिका, टेकू स्थायी घर भई सामान्य परिवारिक पृष्ठभूमिमा हुर्किएकी १३ वर्षीया सविनाको घरमा बुबा, आमा र एक दाजु छन् । बुबा पेशाले ड्राइभर हुन् भने आमा गृहिणी । विभिन्न समस्याले गर्दा दाजु सविनले कक्षा ६ मा पढ्दापढ्दै स्कुल छाडे । उनी अहिले वर्कशपमा काम गर्छन् । आमा र दाजु उनको पढाइप्रति निकै चिन्तित भए पनि बुबा श्यामप्रसाद भट्टप्रति भने उनको गुनासो रहेको छ । भन्छिन्, “सधैं पढ्न बस्यो । बुबा रक्सी पिएर आउनुहुन्छ र घरमा झगडा गर्नुहुन्छ,” बुबाको पेशाप्रति नै नकारात्मक छाप बसेको छ उनको बालमस्तिष्कमा ।

उनलाई दैनिक रुपमा चाहिने कपी, कलम दाजु सविनले पुऱ्याइदिने गरेका छन् । त्यसो त उनले कहिलेकाहिं बुबासँग पनि पैसा नलिएकी भने होइनन् । बुबाले पैसा माग्दा दिनुहुन्छ ? सविना भन्छिन्, “पकेट खर्च दिनुहुन्छ । तैपनि मलाई चाहिने कपीकलम भने दाइले नै किनिदिने गर्नुहुन्छ ।”

दैनिक चार घण्टाका दरले घरमा अध्ययन गर्ने सविना यस्तै लगनशीलताका साथ पढेमा भविष्यमा नर्स पढाइदिने आश्वासन आमाबाट पाएको मीठो अनुभव सुनाउँछिन् । त्यसो त उनको पनि भविष्यमा एउटी सफल नर्स बन्ने इच्छा छ । नर्स बनेर रोगी र असहायहरूको सेवा गर्नु नै आफ्नो जीवनको लक्ष्य रहेको उनी बताउँछिन् ।

विक्रम सम्वत् २०१० सालमा कुलेश्वर मन्दिरमा स्थापित श्री महेन्द्र सरस्वती सेवा प्रावि (हाल निमावि) को सीमित शैक्षिक, भौतिक, खेलूकद एवं विद्यालयमा आवश्यक अन्य सुविधाहरूमा पढेकी छात्रा सविना सरकारी विद्यालयहरूको खस्कँदो शैक्षिक स्थितिलाई टेको लगाउने दरिलो खम्बा बनेकी छिन् ।

● विपेन्द्र घिमिरे

# राहतको आशाले भारत पढ्न जान्छन् सीमाका विद्यार्थी

कोटिया (बाँके) । बाँके जिल्लाको बघौडा क्षेत्रको भारतसँग सीमा जोडिएको गाउँका विपन्न परिवारका नेपाली बालबालिकाहरू भारतीय विद्यालयहरूमा ठूलो संख्यामा पढ्न जान्छन् । तर, उनीहरूको भारतको अध्ययन पढ्नका लागि भन्दा राहतको कारण आकर्षक देखिएको छ ।

भारत सरकारले प्राथमिक तहसम्म निःशुल्क शिक्षासँगै खाजाको रुपमा बार्षिक ३ सय रुपैया र मासिक ३ केजी चामल, दाल खाजाको रुपमा वितरण गर्ने भएकाले सीमाका विद्यार्थीहरू भारतीय स्कुलमा पढ्न जाने गरेको बताइन्छ ।

कालाफाँटा गाविस वडा नं २ कोटियाका पूर्व शिक्षक सावलप्रसाद श्रीवास्तवका अनुसार, कालाफाँटा, कट्कुँइया, लक्ष्मणपुर र नरैनापुर गाविसका गरी करिब २ सयभन्दा बढी बालवालिका भारतका विभिन्न विद्यालयमा पढिरहेका छन् ।

उनी भन्छन्, ”पढ्न पनि पाइने र राहत पनि पाइने भएपछि विपन्न परिवार आफ्ना सन्तानलाई राहतका आशाले भारतमा पढ्न पढाउछन् । कति त भारत र नेपाल दुवै ठाउँका विद्यालयमा पढ्ने गर्छन । उनीहरू राहत लिंदा मात्र भारतका विद्यालय जान्छन् अन्यथा नेपालकै स्कुलमा पढ्न जान्छन् । ”



कपिलवस्तुको दक्षिण क्षेत्रका मुसलमान समुदायका यी बालिकाहरू चाहिं भारतीय विद्यालय धाउनुपरेको छैन, कोपको विद्यालयको वातावरणले यिनीहरूलाई आकर्षित गरेको छ ।

सीमाका नेपाली विद्यालयमा पढाइएको गुणस्तर पनि घट्दो क्रममा रहेकाले शिक्षित र सम्पन्न परिवारले समेत आफ्ना सन्तान भारतमा नै भर्ना गर्ने गरिएको उनीहरू बताउँछन् ।

स्थानीयवासीहरू भने नेपालका स्कुलमा पढाई नै नभएको कारणलाई मूलरुपमा अघि सारेका छन् । स्कुल खुलेको दिन पनि शिक्षक पढाउन आउदैनन्, त्यसैले पनि बाध्य भई भारतीय स्कुलमा पढाउनुपरेको छ -उनीहरू दुःखेसो पोख्छन् ।

बघौडा क्षेत्रको भारतीय सीमा क्षेत्रका ती गाविसहरूमा माओवादी गतिविधिहरू बढेपछि भने शिक्षकहरू कक्षामा नियमित आउने गरेको गाउंलेहरू बताउँछन् ।

विद्रोही माओवादीको ८ नं. इलाका बघौडा क्षेत्रले सो क्षेत्रको शैक्षिक स्तर उकास्न पटक-पटक शिक्षकहरूबीच छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेपछि विद्यालयमा शिक्षकको ढिलासुस्तीमा केही सुधार आएको दावी गरेको छ ।

बाँकेका जिल्ला शिक्षा अधिकारी बिष्णुप्रसाद थैब जुनसुकै देशको सीमामा यस्ता खाले समस्या रहेको जनाउँदै राहतका आशाले भारतीय बिद्यालय पढ्न जाने बिद्यार्थीहरूलाई रोक्न नसकिने बताउँछन् ।

● शंकर खनाल

यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४२५७६५५,फ्याक्सः ४२१८६८६ इमेलः ejg@ntc.net.np, वेवसाइटः www.ejgroup.org, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौँ, सम्पादनः पदम गौतम